*सभाबाट पारित मिति: २०७५।०४।२५*

# प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना :** प्रशासकीय कार्यविधि नियमित गर्न तथा कर्णाली प्रदेशको शिघ्र सम्वृद्धिको लागि नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागि कानूनी लिखत तयार गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,:-

(क) "नियम" भन्नाले बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा सञ्चालनका लागि तर्जुमा गरिएको कानूनी लिखत सम्झनुपर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ ।

३. **नियम बनाउने प्रदेश सरकारको अधिकार :** (१) कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सबै प्रशासकीय विषयका कार्यविधि तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम कानून सरह लागू हुनेछ।

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश

कर्णाली प्रदेश सभाको सम्वत् २०७५ साल श्रावण २५ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

..............................

राज बहादुर शाही

सभामुख

कर्णाली प्रदेश

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश